# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १४ फागुन २०७९
# आइतवार
# बैठक सङ्ख्या- ९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो ।

(१३:१५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाका माननीय सदस्य शहनाज रहमानको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः-

विक्रम संवत् २०१६ सालमा जन्मनुभएका प्रतिनिधि सभा सदस्य शहनाज रहमानको मिति २०७९ साल फागुन १३ गते ६३ वर्षको उमेरमा हृदयघातका कारण निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । झापा, भद्रपुर निवासी स्वर्गीय रहमान जनता समाजवादी पार्टी, नेपालको तर्फबाट २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय शहनाज रहमानप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपर्युक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपर्युक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब स्वर्गीय शहनाज रहमानको निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन १५ गते सोमवार अपराह्न १२ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल फागुन १५ गते सोमवार अपराह्न १२ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १३:१८ बजे ।**